"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकोटाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३।०८४

चलानी नं. :

मिति : २०८३।०५।०८
ने.स. ११४६ गुँलाथ्व १२, सोमवार

**सूचना नं : २२**

**तीज गीत तथा नृत्य प्रतियोगिता सम्बन्धी सूचना !!**

प्रस्तुत विषयका सम्बन्धमा नेपाली नारीहरुको महान चाड हरितालिका तीज २०८३ को पावन अवसरमा यस विहादी गाउँपालिकाको आयोजनामा मिति २०८३।०५।२१ गते आईतवार विहादी गाउँपालिका स्तरिय तीज गीत तथा नृत्य प्रतियोगिताको आयोजना गरिएको हुँदा उक्त प्रतियोगितामा यस विहादी गाउँपालिका अन्तर्गत रहनुभएका महिला समूह, महिला स्वास्थ्य कर्मी, महिला शिक्षक तथा विद्यार्थीहरुको उत्साहजनक सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यक्रम सञ्चालन हुने :**

स्थान : विहादी गाउँ कार्यपालिकाको कार्यालय परिसर

मिति : २०८३।०५।२१ गते आईतवार

समय : विहान ठिक १०:०० बजे

**प्रतियोगिताका नियम तथा पुरस्कार :**

**खुला तीज गीत प्रतियोगीत तर्फ :**

- तीज गीतको शिर्षक **"विहादीको विकास र समृद्धि, महिला एकता र संस्कृति"** मा आधारित रहेर नेपाली मौलिक तीजको भाकामा प्रस्तुत गर्नुपर्नेछ ।
- टिमका सम्पूर्ण सहभागिहरु अनिवार्य समूहको पोषाकमा सहभागी हुनुपर्नेछ ।
- गाउँपालिका अन्तर्गतका महिला समूह, महिला स्वास्थ्य कर्मी तथा महिला शिक्षकहरुको समूहलाई मात्र सहभागी गराईनेछ ।
- बाध्यबाधनको व्यवस्था सहभागी टिमले नै गर्नुपर्नेछ ।
- समूहमा बाध्यवाधक सहित बढीमा ८ जना मात्र हुनुपर्नेछ ।
- प्रस्तुति बढीमा ७ मिनेट सम्मको मात्र हुनुपर्नेछ ।
- समूह दर्ताका लागि सहभागीहरुको नेपाली नागरिकताको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

**पुरस्कार :**

प्रथम पुरस्कार : रु २५५५५/- र प्रमाणपत्र
द्वितिय पुरस्कार : रु १७५५५/- र प्रमाणपत्र
तृतीय पुरस्कार : रु ११५५५/- र प्रमाणपत्र
सान्त्वना पुरस्कार : रु ८५५५/- र प्रमाणपत्र

**विद्यालय (कक्षा ६-१२) स्तरिय नृत्य प्रतियोगिता तर्फ :**

- नेपाली मौलिक भेषभुषाको नृत्यलाई प्राथमिकता दिईनेछ ।
- प्रस्तुत गरिने नृत्य तीज गीतमा मात्र हुनुपर्नेछ ।
- नृत्यको समय बढीमा ५ मिनेटको मात्र हुनुपर्नेछ ।
- नृत्यको लागि कम्तिमा २ जना र बढीमा ५ जना सम्मको समूह हुनुपर्नेछ ।
- नृत्यको लागि आवश्यक गीत समूह स्वयंले व्यवस्था गर्नुपर्नेछ ।
- समूह दर्ताका लागि सहभागीको नाम तथा अध्ययनरत कक्षा खुलेको विद्यालयको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।
- एक विद्यालयबाट एक समूह मात्र सहभागि हुन पाईनेछ ।

**पुरस्कार :**

प्रथम पुरस्कार : रु १५५५५/- र प्रमाणपत्र
द्वितिय पुरस्कार : रु ११५५५/- र प्रमाणपत्र
तृतीय पुरस्कार : रु ८५५५/- र प्रमाणपत्र
सान्त्वना पुरस्कार : रु ५५५५/- र प्रमाणपत्र

**समूह दर्ता गर्ने अन्तिम मिति :** मिति २०८३।०५।१८ गते साँझ ५:०० बजे सम्म ।
समूह दर्ताको लागि सम्बन्धित समूहको निवेदन तथा विद्यालयको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यालय मार्फत दर्ता गर्न सकिनेछ ।
**गोलाप्रथा :** मिति २०८३।०५।१९ गते दिउसो १:०० बजे. विहादी गाउँ कार्यपालिकाको कार्यालय

थप जानकारीको लागि : यमकला पुरी ९८४५४७९७३४ फिल्ड सहायक

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

Website:-www.bihadimun.gov.np, Email:- info@bihadimun.gov.np, bihadi.ruralmun@gmail.com